मुक्तिनाथ दर्शन सेवा
दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे

पोखरा साइडसिन सेवा
पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:00 बजे
रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा
रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क ११२ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ बैशाख २५ गते शुक्रबार ❑ 8 May 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पोखरा विमानस्थल निर्माणमा १४ जनाविरुद्ध भ्रष्टाचार मुद्दा दायर

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख



अ ि ख त या र दुरुपयोग अनुसन्धान आयोगले पोखरा अन्तरराष्ट्रिय विमानस्थल निर्माणका क्रममा मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई कर छुट दिएर भ्रष्टाचार गरेको आरोपमा पूर्वअर्थमन्त्रीज्ञानेन्द्रबहादुरकार्कीसहित १४ जनामाथि भ्रष्टाचार मुद्दा दर्ता गरेको छ।

नेपाल सरकारले ऋण स्वरूप प्राप्त गरेको सार्वजनिक सम्पत्तिमध्येबाट जम्मा रु तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० हिनामिना, हानिनोक्सानी र दुरूपयोग गरे/गराएको पुष्टि भएको अख्तियारको दावी छ । उक्त भ्रष्टाचार मुद्दामा दुई सचिवसमेत परेका छन् । मूल सम्झौताको प्रावधानविपरीत ठेकेदार कम्पनीलाई कर छुट दिनेगरी सम्झौता गर्ने/गराउने र नेपाल सरकारले प्राप्त गरेको ऋण सम्पत्तिबाट भुक्तानी लिने/दिने कार्कीसहितका व्यक्तिविरुद्ध आज विशेष अदालत काठमाडौँमा आरोपपत्र दायर गरिएको अख्तियारका सहायक प्रवक्ता गणेशबहादुर अधिकारीले जानकारी दिनुभयो । प्रवक्ता अधिकारीकाअनुसारअख्तियारले कार्कीमाथि भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु तीन अर्ब ६२ करोड पाँच लाख २२ हजार १६० बिगो कायम गरी मुद्दा दर्ता गरेको छ। कार्कीमाथि सोही ऐनको दफा ३ को उपदफा (१) को देहाय (झ) तथा भ्रष्टाचार निवारण ऐन, २०५९ (पहिलो संशोधनसहित) को दफा ३ को उपदफा (१) को देहाय (ज) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगोबमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुलउपर हुन साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २४ बमोजिम थप सजायको माग दाबी गरिएको छ । यस्तै अख्तियारले अर्थ मन्त्रालयका तत्कालीन सचिव शङ्करप्रसाद अधिकारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सचिव महेश्वर न्यौपानेमाथि पनि सोही बराबरको बिगो कायम गरी कैद सजायँको माग दावीसहित मुद्दा दर्ता गरेको छ।

यस्तै, अर्थ मन्त्रालयका तत्कालीन सहसचिव केवलप्रसाद भण्डारी, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन सहसचिव सुरेश आचार्य र तत्कालीन सहसचिव डण्डुराज घिमिरे तथा नेपाल नागरिक उड्डयन प्राधिकरणका तत्कालीन महानिर्देशक सञ्जीव गौतम, नेपाल नागरिक उड्डयन प्राधिकरणअन्तर्गत राष्ट्रिय गौरव आयोजनाका तत्कालीन आयोजना निर्देशक प्रदीप अधिकारी र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन इलेक्ट्रोनिक्स इन्जिनियर योगेश अर्याल, अर्थ मन्त्रालयका तत्कालीन उपसचिव युगराज पाण्डे र तत्कालीन शाखा अधिकृत उर्मिला भण्डारीविरुद्ध पनि मुद्दा दर्ता भएको छ।

सोही मुद्दामा चाइना सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडका अध्यक्ष वाङ ओ र प्रोजेक्ट म्यानेजर याङ झियाङविरुद्ध पनि मुद्दा दायर गरिएको छ । विमानस्थल निर्माणमा भ्रष्टाचार गरेको उजुरीकासम्बन्धमाअनुसन्धानहुँदा राष्ट्रसेवक पदाधिकारी/कर्मचारी र ठेकेदार कम्पनी चाइना सिएएमसी इन्जिनियरिङ कम्पनी लिमिटेडको आपसी मिलेमतो, योजना र संलग्नतामा पोखरा क्षेत्रीय अन्तरराष्ट्रिय विमानस्थल निर्माण क्रममा नेपाल नागरिक उड्डयन प्राधिकरण र ठेकेदार कम्पनीबीच भएको खरिद सम्झौतामा 'कन्ट्याक' मूल्य भित्रै कर, महसुल तथा अन्य शुल्क समावेश गरी त्यस्ता कर, महसुल तथा अन्य शुल्कहरू ठेकेदार कम्पनीले नै प्रचलित नेपाल कानुनबमोजिम तिर्नु/बुझाउनुपर्ने प्रावधान रहेकामा बद्नियत राखी उक्त प्रावधान विपरीत हुने गरी ठेकेदार कम्पनीलाई कर, महसुल तथा अन्य शुल्क छुट दिने भन्ने सर्त राखी सम्झौता गराएको देखिएको अख्तियारले दावी गरेको छ । सोही सम्झौताका आधारमा 'कन्ट्याक' मूल्यभित्रै कर, महसुल तथा अन्य शुल्क समावेश गरी भुक्तानी लिने तर उक्त भुक्तानी लिएको रकममा समावेश भएको करलगायतको महसुल राज्यकोषमा दाखिला नहुने गरी छुट प्राप्त गरी/गराई उक्त चाइनिज कम्पनीलाई दोहोरो लाभ दिएको पाइएको अख्तियारले मुद्दा दर्ता पनि जारी गरेको सूचनामा उल्लेख छ।

## प्रधानन्यायाधीशमा शर्माको नाम सिफारिस

**रासस**
काठमाडौं, २४ बैशाख



संवैधानिक परिषद्को बैठकले प्रधानन्यायाधीशमा सर्वोच्च अदालतका न्यायाधीश डा मनोज शर्मालाई सिफारिस गरेको छ।

प्रधानमन्त्री तथा संवैधानिक परिषद्का अध्यक्ष वालेन्द्र शाहको अध्यक्षतामा बसेको बैठकले बिहीबार शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको हो। बैठकपछि सभामुख डोलप्रसाद अर्यालले भावी प्रधानन्यायाधीशमा शर्माको नाम सिफारिस भएको जानकारी दिनुभयो।

परिषद्ले सिफारिस गरेपछि संसदीय सुनुवाइ समितिले नाम अनुमोदन गरी राष्ट्रपतिले नियुक्ति गर्ने संवैधानिक व्यवस्था छ । नियुक्तिपछि शर्मा ३३औं प्रधानन्यायाधीश बन्नुहुनेछ।

## नवप्रवर्तन साझेदारी कार्यक्रममार्फत आठ परियोजना सञ्चालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

गण्डकी प्रदेशका छ जिल्लाका आठ स्थानीय तहमा नवप्रवर्तन साझेदारी कार्यक्रममार्फत आठ परियोजना सञ्चालनमा ल्याइएको छ।

न व ल प ु र का े देवचुली नगरपालिका, स्याङ्जाको पुतलीबजार नगरपालिका, गोरखाकोसहिदलखनगाउँपालिका, गोरखा नगरपालिका, तनहुँको म्याग्दे र ऋषिङ गाउँपालिका, लमजुङको बैंसीसहर नगरपालिका र मुस्ताङको घरपझोङ गाउँपालिकासँग परियोजना सम्झौता भई कार्यान्वयनको चरणमा रहेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले जनाएको छ।परियोजना सञ्चालनकालागिपहिलोकिस्ताबापत दुई करोड ४० लाख ७३ हजार रुपैयाँ रकम भुक्तानी भइसकेको कार्यालयका उपसचिव पार्वती लामिछानेले जानकारी दिनुभयो। देवचुली नगरपालिकामा कृषक पाठशाला, पुतलीबजार नगरपालिकामा मुस्लिम समुदाय लक्षित उद्यम विकास तथा व्यवसाय प्रवर्द्धन परियोजना र सहिदलखन गाउँपालिकामा मनकामना फोहरमैला व्यवस्थापन परियोजना सञ्चालन गरिएको हो। यसैगरी, म्याग्दे गाउँपालिकामा बालबालिकाको शैक्षिक विकास, घरपझोङ गाउँपालिकामा फोहर सङ्कलन तथा व्यवस्थापन केन्द्र, बैंसीसहर नगरपालिकामा मौरीजन्य उत्पादन प्रवर्द्धन, ऋषिङ गाउँपालिकामा मौरी उद्योग र गोरखा नगरपालिकामा मट्का घरबास 'होमस्टे' परियोजना अगाडि बढाइएको हो । उक्त कार्यक्रमका लागि चालु आवमा सङ्घीय स-सर्ततर्फको चार करोड १० लाख रुपैयाँ बजेट विनियोजन भएको उपसचिव लामिछानेले बताउनुभयो । स्थानीय तहको लागत साझेदारीमा परियोजना सञ्चालन भइरहेको उहाँको भनाइ छ । नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालन कार्यविधिअनुसार स्थानीय तहले अनुदान पाएका हुन् । बहुवर्षीय कार्यक्रम भएकाले आगामी वर्षमा पनि बजेट विनियोजन हुने उहाँले बताउनुभयो । उक्त कार्यक्रमका लागि विभिन्न स्थानीय तहबाट २९ वटा प्रस्ताव पेस भएकामा प्रदेश छनोट तथा सिफारिस समितिले मूल्याङ्कन गरी आठ वटा परियोजना प्रस्ताव स्वीकृत गरेको थियो। प्रदेश तथा स्थानीय शासन सबलीकरण परियोजनाअन्तर्गत सञ्चालित यस कार्यक्रमबाट प्रदेश तथा स्थानीय तहलाई सक्षम र उत्तरदायी बनाउन सहयोग पुर्याउने लक्ष्य छ । आव २०७८/०७९ देखि नवप्रवर्तन साझेदारी कार्यक्रम सञ्चालनमा रहेको छ।

## पोखरामा ७ हजार ५ सय के.जी. अनुदानमा धानको विउ वितरण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख

प ा े ख र ा महानगरपालिकाले चालु आर्थिक वर्षमा किसानहरूलाई ५० प्रतिशत अनुदानमा धानको बीउ वितरण गरिएको छ।

यस वर्ष करिब ७ हजार ५ सय किलोग्राम विभिन्न जातको धानको बीउ वितरण गरिएको पोखरा महानगरका कृषि विकास महाशाखाका प्रमुख मनहर कडरियाले बताउनु भयो । महानगरभित्रका करिब १ हजार किसान तथा कृषक समूहबाट २१ हजार किलोग्राम बीउको माग आए पनि उपलब्धता सीमित हुँदा करिब एक तिहाइ मात्र वितरण गर्न सकिएको उहाँले जनाउनु भयो । वितरण गरिँदै गरेको बीउमध्ये करिब ६ हजार केजी 'पोखरेली जेठो बुढो', करिब २ हजार केजी 'रामधान' र बाँकी अनदी, पहेँले, एक्ले लगायतका स्थानीय जातहरू रहेका छन्। महानगरले यस बर्ष पनि पोखराको ब्राण्ड नै बनेको पोखरेली जेठोबुढो धानलाई प्रबर्द्धन गरेको छ।

म हा न ग र पा लि का ले किसानबाट प्रतिकिलो २०० रुपैयाँमा खरिद गरेको बीउ ५० प्रतिशत अनुदानमा १०० रुपैयाँमै उपलब्ध गराउँदै आएको छ । यसले स्थानीय किसानलाई बीउ उत्पादनतर्फ प्रोत्साहन मिलेको बताइएको छ । पोखराका वडा नं. १३, २३, २६, २९ र ३० मा उत्पादन भएको बीउ प्रयोगमा ल्याइए पनि सबै बीउ मापदण्डअनुसार योग्य नहुँदा मागअनुसार आपूर्ति गर्न कठिन भएको कडरियाले जनाउनु भयो। प्रयोगशाला परीक्षणमा असफल भएका बीउहरू वितरण गर्न नमिल्ने भएकाले छनोट सीमित भएको हो।

पोखरामा वार्षिक करिब ४० हजार मेट्रिकटन धान उत्पादन हुने गरेको छ भने करिब ११ हजार २ सय हेक्टर क्षेत्रमा धान खेती हुँदै आएको छ। साथै, 'पोखरेली जेठो बुढो' धानको न्यूनतम समर्थन मूल्य पनि निर्धारण गरिएको छ, जसअनुसार प्रति क्विन्टल ९ हजार ५ सय रुपैयाँ कायम गरिएको छ। महानगरपालिकाले स्थानीय धानका जातहरूको संरक्षण र प्रवर्द्धनलाई प्राथमिकता दिँदै जैविक स्रोत संरक्षण अभियान मार्फत उत्पादित बीउ किसानसम्म पुर्‍याउने कार्यलाई निरन्तरता दिएको जनाएको छ। यसपाली वैशाख महिनाको पहिलो सातादेखि तेश्रो सातासम्म राम्रो बर्षा भएकोले धानको विउ राख्न किसानहरु लागेको स्थानियले बताउनु भयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

## विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित परियोजनाको निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, २४ बैशाख



ि व का स मा साझेदार विश्व बैंकको आर्थिक सहयोगमा पोखरामा सञ्चालित परियोजनाको आज महानगर प्रमुख धनराज आचार्यसहित विश्व बैंकका उपाध्यक्ष डेनिस म्याकलघलिन नेतृत्वको टोलीले स्थलगत निरीक्षण गरेको छ।

टोलीले तालचोक बेगनास सडक, शिशुवाचोक खुँदिखोला सडक र कालिकास्थान पुँडिटार लामगादी सडकको निरीक्षण गरेको हो। सङ्घीय सरकारअन्तर्गत सहरी विकास मन्त्रालय, सहरी विकास तथा भवन निर्माण विभागको समन्वय तथा विश्व बैंकको आर्थिक सहयोगमा तालचोक बेगनास सडकखण्डको करिब तीन दशमलव २८ किमी, शिशुवबाट खुँदीखोला पुलसम्मको करिब चार दशमलव १४ किलोमिटर र कालिकास्थानबाट लामगादीसम्मको १२ किमी सडक निर्माण भइरहेको छ।

यीमध्ये करिब रु ३४ करोड ११ लाख २० हजार २ ९५ को लागतमा शिशुवाबाट

बाँकी अन्तिम पृष्ठमा ▶▶

# १० औँ रारा पोखरा स्पोर्ट्स अवार्डको मनोनयन सार्वजनिक

पोखरापत्र संवाददाता
पोखरा, २४ बैशाख

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले १०औँ रारा पोखरा स्पोर्ट्स अवार्ड-२०८२' अन्तर्गतका विभिन्न विधाको मनोनयन सार्वजनिक गरेको छ।

मञ्चले बिहीबार पोखरामा पत्रकार सम्मेलन गरी अवार्डका लागि खेलाडी, प्रशिक्षक र संस्थाको नामावली सार्वजनिक गरेको हो। हिमश्री फुड्स प्रालिका प्रवन्ध निर्देशक प्रकाश केसीले १० औँ रारा पोखरा स्पोर्ट्स अवार्ड-२०८२' अन्तर्गतका विभिन्न विधाको मनोनयनमा परेकाहरुको नामावली सार्वजनिक गरे।

सो अवसरमा बोल्दै हिमश्री फुड्सका प्रवन्ध निर्देशक केसीले दक्षिण एशियाकै पहिलो तयारी चाउचाउ राराले नेपाली उपभोक्तामाझ विशेष विश्वास जितिरहेको उल्लेख गर्दै दशौं पोखरा स्पोर्ट्स अवार्डसँग सहकार्य गर्न पाउँदा खुशी लागेको बताए। विगतदेखि नै पोखराको खेलकुद क्षेत्रमा सहकार्य गर्दै आएको स्मरण गर्दै उनले नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीले आयोजना गरेको प्रतिष्ठित अवार्डमा जोडिनु गर्वको विषय भएको बताए। साथै उनले मनोनयनमा परेका खेलाडी, प्रशिक्षक तथा संस्थाहरुलाई बधाई तथा शुभकामना व्यक्त गरे। अवार्ड अन्तर्गत 'वर्ष उत्कृष्ट पुरुष खेलाडी'को मनोनयनमा जुडोका विज्ञान टी खत्री, टेनिसका प्रदीप खड्का र भलिबलका सन्जु विक्रम शाह परेका छन्। त्यसैगरी, 'वर्ष उत्कृष्ट महिला खेलाडी' विधामा आर्चरीकी मोनिका रानामगर, एथलेटिक्सकी नारायणी भण्डारी




र जुडोकी मनिषा तामाङबीच प्रतिस्पर्धा हुने मञ्चका महासचिव परशुराम शर्माले बताए।

'उदीयमान खेलाडी' तर्फ एथलेटिक्सकी अनुष्का अधिकारी, तेक्वान्दोका सचिन सुनार र ब्याडमिन्टनकी निभा राई मनोनयनमा परेका छन् भने ' वर्ष उत्कृष्ट प्रशिक्षक'को सूचीमा टेनिसका कुमार अधिकारी, तेक्वान्दोकी रेखमाया गुरुङ र एथलेटिक्सका सिद्धान्त अधिकारी समेटिएका छन्। मञ्चले 'वर्ष उत्कृष्ट खेल संघ'का रूपमा कास्की जिल्ला क्रिकेट संघ र ' वर्ष उत्कृष्ट खेल पत्रकार'का रूपमा दीननाथ बराललाई छनोट गरिसकेको छ। यस वर्ष कुल ९ वटा विधामा अवार्ड प्रदान गरिनेछ, जसमा लाइफ टाइम एचिभमेन्ट, स्पेसल अवार्ड र पिपुल्स च्वाइस अवार्ड समेत रहेका छन्। पिपुल्स च्वाइस अवार्डका लागि क्रिकेटका विपीन खत्री, फुटबलका दीप कार्की, एथलेटिक्सकी नारायणी भण्डारी, भलिबलका राजन दर्लामी र मुवाँथाई/आइटिएफ तेक्वान्दोकी सुस्मिता थापा मनोनयनमा परेको अध्यक्ष एमवि आस्था मगरले जानकारी दिए। यस वर्षको अवार्डलाई हिम श्री फुड्स प्रालिको उत्पादन रारा तयारी चाउचाउले मुख्य प्रायोजन गरेको छ। आगामी वैशाख ३१ गते पोखरा इभेन्ट सेन्टरमा आयोजना हुने १० औं संस्करणको पोखरा स्पोर्टस अवार्डमा विभिन्न नौ विधामा अवार्ड प्रदान गरिदै छ। जसमा लाइफटाईम एचिभमेन्ट अवार्ड, वर्ष उत्कृष्ट प्रशिक्षक, वर्ष उत्कृष्ट खेलाडी पुरुष, वर्ष उत्कृष्ट महिला, वर्ष उदियमान खेलाडी, वर्ष उत्कृष्ट खेल संघ संस्था, पिपुल्स च्वाइस अवार्ड, स्पेशल अवार्ड र वर्ष उत्कृष्ट खेल पत्रकार रहेका छन। पोखरा स्पोर्टस अवार्डमा पिपुल्स च्वाइस अवार्डका लागि गुरुङ गहना घर प्रालिले स्कुटर प्रायोजन गरेको छभने स्पेशल अवार्डका लागि नेलम्बो नेपालले प्रायोजन गरेको छ। अवार्डका लागि गण्डकी प्रदेश सरकार, प्रदेश खेलकुद परिषद् गण्डकी, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद काठमाण्डौ, केल्मी नेपाल, नेपाल खेलकुद पत्रकार मञ्च काठमाण्डौ, फोर स्टार डिलक्स हेरिटेज टेम्पल बेल बुटिक होटल एण्ड स्पा पोखरा लेकसाईड, होटल क्राउन प्लाजा काठमाण्डौ, जिल्ला खेलकुद बिकास समिति कास्की, बुल्स मेन क्लबका संस्थापक इश्वर गुरुङ (हङकङ), पोखरा एभेन्जर्स, टाइगर ग्रुप अफ पोखरा, तमु धिँ युके, गोर्खा हिल क्यास एण्ड क्यारी (चन्द्र-शान्ता गुरुङ), रुपा गाउँपालिका, मादी गाउँपालिका, अन्नपूर्ण गाउँपालिका र माछापुच्छ्रे गाउँपालिकाको विशेष सहयोग रहेको छ।

त्यसैगरी सहयोगीहरुमा सहारा क्लब पोखरा, सहारा युके, सहारा हङकङ, पोखरा महानगरपालिका वडा नं १ , वडा नं ३, वडा नं ९, वडा नं १० र वडा नं १५, पोखरा उद्योग वाणिज्य संघ, लेखनाथ उद्योग वाणिज्य संघ, भूतपूर्व खेलाडी मञ्च, कास्की जिल्ला तेक्वान्दो संघ, मञ्चका पूर्व अध्यक्ष प्रेम नारायण न्यौपाने, पत्रकार महासंघ जापानका पूर्व अध्यक्ष तथा मञ्चका पूर्व अध्यक्ष मोहन घले, विनोद गुरुङ, जापानबाट युवराज गुरुङ, निशान रानामगर, रमेश कुमार गुरुङ, पूर्व राष्ट्रिय खेलाडी बसन्त गौचन, किरण थापा अष्ट्रेलिया, प्रेमकाजी गुरुङ अष्ट्रेलिया, राइनो हस्पिटालिटी एण्ड होटल म्यानेजमेन्ट प्रालि (राइनो क्याफे एण्ड शवार्मा स्टेशन), शिद्धार्थ पाण्डे कम्प्युटर सेन्टर न्युरोड, दीपक बहादुर थापा (पूर्व वडा सदस्य पो.म.न.पा. १०) लामा कलेक्सन न्यूरोड पोखरा, प्रेम पुन (पुन फोटोग्राफी), हेम्जाकोट होमस्टे कास्की रहेका छन। अन्य सहयोगी संघ संस्थाको सहयोग आउने क्रम जारी रहेको मञ्चका महासचिव परशुराम शर्माले जानकारी दिए।

# सत्य युवा क्लबले शनिवार बि-१३ भर्टिकल रन गर्ने

पोखरापत्र संवाददाता
पोखरा, २४ बैशाख

पोखरामहानगरपालिका-१३ मा अवस्थित सत्य युवा क्लब केवल एउटा संस्थाको नाम होइन, यो समुदायको आशा, सक्रियता र परिवर्तनको प्रतीक बनेको छ। स्थानीय युवाहरूको उत्साह, समर्पण र सामाजिक उत्तरदायित्वको भावनाले जन्माएको यो क्लबले पछिल्ला दिनहरूमा समाजमा सकारात्मक सन्देश फैलाउँदै उल्लेखनीय कार्यहरू गर्दै आएको छ।

हालै क्लबले आयोजना गरेको निःशुल्क स्वास्थ्य शिविर यसको सामाजिक प्रतिबद्धताको ज्वलन्त उदाहरण हो। शिविरमा स्थानीय बासिन्दाहरूको उल्लेखनीय सहभागिता देखियो, जहाँ सामान्य स्वास्थ्य परीक्षणदेखि आवश्यक परामर्शसम्म प्रदान गरिएको थियो। सत्य युवा क्लबको गतिविधि स्वास्थ्य सेवामा मात्र सीमित छैन। खेलकुद क्षेत्रमार्फत युवाहरूलाई अनुशासन, प्रतिस्पर्धा र स्वस्थ जीवनशैलीतर्फ उन्मुख गराउने प्रयास निरन्तर भइरहेको छ। फुटबल र भलिबलजस्ता प्रतियोगिताहरूले युवामा ऊर्जा, आत्मविश्वास र सहकार्यको भावना विकास गरिरहेका छन् मैदानमा खेलिने यी खेलहरू केवल मनोरञ्जनका साधन नभई जीवनका महत्वपूर्ण पाठ सिकाउने माध्यम बनेका छन्। क्लबले सामाजिक सेवाका विविध आयामहरूमा पनि सक्रिय उपस्थिति जनाउँदै आएको छ। सरसफाइ अभियान, वृक्षरोपण र रक्तदान कार्यक्रमहरू जस्ता गतिविधिहरूले समुदायमा सहयोग, सहकार्य र उत्तरदायित्वको भावना मजबुत बनाएको छ। यस्ता कार्यक्रमहरूले समाजलाई स्वच्छ, हराभरा र स्वास्थ्यप्रद बनाउन प्रत्यक्ष योगदान पुराएको छ। समग्रमा सत्य युवा क्लब एक साधारण सामाजिक संस्था भन्दा धेरै माथि उठेर समुदायमा सकारात्मक ऊर्जा फैलाउने केन्द्रका रूपमा स्थापित भएको छ। हालै सम्पन्न भएका डेण्टल स्वास्थ्य शिविरजस्ता कार्यक्रमहरूले यसको मानवीय संवेदनशीलता झल्काउँछन् भने अन्य बहुआयामिक गतिविधिहरूले दीगो सामाजिक विकासतर्फ यसको स्पष्ट दृष्टिकोण प्रस्तुत गर्छन्। सत्य युवा क्लव वि १३ को आयोजनामा आगमी शनिवार २६ गते बि १३ भर्टिकल रन हुँदै छ। रनमा दुइ सय जनाले सहभागीको लागि नाम रजिष्ट्र गरिसकेका छन्। एक सय ९२ हप्ता सम्म बि १३ रन नामले संचालन गरिने रनलाई वार्षिक रुपमा बृहत तरिकाले संचालन गर्न लागिएको क्लवका सचिव महेश आचार्यले पोखरापत्रलाई वताए।

प्रतियोगितामा महिला तथा पुरुषतर्फ आकर्षक नगद पुरस्कार, प्रमाणपत्र र मेडल प्रदान गरिनेछ। प्रतियोगितामा प्रथम हुने महिला/पुरुष दुवैलाई रु १३ हजार प्रमाणपत्र र मेडल, द्वितीय हुनेलाइ महिला/पुरुष दुवैलाई रु ९ हजार प्रमाणपत्र र मेडल र तृतीय हुनेलाई महिला/पुरुष दुवैलाई रु पाँच हजार प्रमाणपत्र र मेडल प्रदान गरिने क्लवका अध्यक्ष हितमान गुरुङले पोखरापत्रलाइ वताए।

# हिमपातमा फसेका दुई भारतीय पर्यटकको सकुशल उद्धार

रासस
मुस्ताङ, २४ बैशाख

हिमपातमा फसेका दुई भारतीय पदयात्रीको सकुशल उद्धार गरिएको छ। मनाङबाट थोरङपास गरी मुस्ताङतर्फ आउँदै गरेका उनीहरुको सेना र प्रहरीको संयुक्त टोलीले बुधबार साँझ सकुशल उद्धार गरेको हो।

बुधबार मध्याह्न बारागुङ मुक्तिक्षेत्र-१ मुक्तिनाथ र थोरङलापास क्षेत्रमा हिमपात भएको थियो। भारतको केरला बस्ने २९ वर्षीय फानिक टोनी र ३० वर्षीय मित्र बिन्दु हिमपातका कारण बारागुङ मुक्तिक्षेत्र-२ स्थित चिसापानी भन्ने स्थानमा पदमार्ग पहिल्याउन नसकी अलपत्र परेका थिए। उनीहरुको बुधबार साँझ उक्त स्थानबाट सकुशल उद्धार गरिएको नेपाली सेनाको इन्द्रबक्स गणले जनाएको छ।

यसअघि राउण्ड अन्नपूर्ण चर्कीय पदमार्गअन्तर्गत मनाङदेखि थोरङपास हुँदै मुस्ताङ प्रवेश गर्दै गरेका भारतीय दुई पदयात्री हिमपातका कारण पदमार्ग पहिल्याउन नसकी अलपत्र परेको सूचना भारतीय पदयात्री मित्र बिन्दुद्वारा जिल्ला प्रहरी कार्यालय मुस्ताङलाई जानकारी गराइएको थियो। संयुक्त उद्धार टोलीले हिमपात भइरहेको स्थान बारागुङ मुक्तिक्षेत्र-१ थोरङ्पासको तल्लो क्षेत्र ड्रम क्याम्पबाट साँझ करिब ८:०० बजे फेला पारी सकुशल उद्धार गरेको इन्द्रबक्स गणका प्रमुख सेनानी गौरवध्वज खाँडले जानकारी दिनुभयो।

# जिम्मेवार प्रेसले लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउँछ: राष्ट्रपति पौडेल

रासस
काठमाडौं, २४ बैशाख

राष्ट्रपति रामचन्द्र पौडेलले जिम्मेवार प्रेसले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई अझ बलियो बनाउने बताउनुभएको छ। विभिन्न समयमा भएका जनआन्दोलन तथा सङ्घर्षमा नेपाली जनताले प्रकट गरेको सुशासन, विकास, प्रगति र आर्थिक समृद्धिको युगानुकूल चाहनालाई पूरा गर्ने अभियानमा नेपाली प्रेसले अझै प्रभावकारी ढङ्गले काम गर्ने उहाँले विश्वास व्यक्त गर्नुभएको छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयद्वारा बिहीबार यहाँ आयोजित पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्दै राष्ट्रपति पौडेलले नेपालको राजनीतिक, सामाजिक, सांस्कृतिकलगायत हरेक परिवर्तनमा नेपाली पत्रकारिता जगतले खेलेको भूमिका उल्लेखनीय रहँदै आएको स्मरण गर्नुभयो।

उहाँले भन्नुभयो, "हाम्रो संविधानले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरेको हो। संविधानको यो मर्म र भावनाअनुसार पत्रकारलाई निर्भय तथा स्वतन्त्रतापूर्वक समाचार सम्प्रेषण गर्ने वातावरण निर्माण गर्नु राज्यको दायित्व हो। सत्यतथ्य समाचार सम्प्रेषण गरेर जनतालाई सुसूचित गर्नु जिम्मेवार प्रेसको धर्म हो। यसतर्फ नेपाली प्रेस सदैव सजग र चनाखो हुने नै छ भन्ने मैले विश्वास लिएको छु।" राष्ट्रपति पौडेलले पत्रकारिता परिवर्तनको वाहक र राष्ट्र निर्माणको एउटा सशक्त तथा प्रभावकारी माध्यम भएको उल्लेख गर्दै स्वतन्त्र, निष्पक्ष र तटस्थ पत्रकारिताका लागि लोकतन्त्र अनिवार्य शर्त हो भने स्वतन्त्र र निष्पक्ष पत्रकारिताबिना लोकतन्त्रको कल्पना गर्न नसकिने स्पष्ट पार्नुभयो। समाचार लेखेकै आधारमा पत्रकार असुरक्षित हुनुपर्ने अवस्थाको अन्त्य हुनुपर्ने उल्लेख गर्दै राष्ट्रपति पौडेलले सुरक्षित र जोखिममुक्त वातावरणमा समाचार सङ्कलन तथा सम्प्रेषण गर्ने अवस्थाको सुनिश्चिततातर्फ हामी सबैको ध्यान जान आवश्यक रहेको बताउनुभयो। उहाँले श्रमजीवी पत्रकारको हकहित र सञ्चारगृहको आर्थिक दिगोपनका लागि सरकार र निजी क्षेत्र दुवैले समन्वय गर्न जरुरी रहेको बताउनुभयो। सूचना प्रविधिको विकाससँगै बढ्दो सामाजिक सञ्जाल र नागरिक पत्रकारिताको प्रयोगले आधारहीन तथा मिथ्या सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्न सक्ने खतराको सामना गर्नु वर्तमान आमसञ्चारमाध्यमसामु थपिएको चुनौती रहेको उल्लेख गर्दै राष्ट्रपति पौडेलले यो चुनौतीको सामना गर्न नेपाली प्रेस सक्षम हुनेमा आफू विश्वस्त रहेको बताउनुभयो। राष्ट्रपति पौडेलले वरिष्ठ पत्रकारिता सम्मान र राष्ट्रिय पत्रकारिता पुरस्कार पत्रकारले दशकौँदेखि कलमका माध्यमबाट समाजलाई देखाउनुभएको बाटो तथा पुऱ्याउनुभएको योगदानको कदरस्वरूप राज्यको सम्मान भएको बताउँदै पुरस्कृत सबैलाई बधाई दिनुभयो। उहाँले पुरस्कृत पत्रकारको साधनाले नयाँ पुस्ताका पत्रकारलाई व्यावसायिक निष्ठा र सत्यको मार्गमा लागिरहन सधैँ उत्प्रेरित गर्ने विश्वास व्यक्त गर्नुभयो। कार्यक्रममा राष्ट्रपति पौडेलले 'वरिष्ठ पत्रकार' सम्मानबाट चन्द्रकिशोर झा र नम्रता शर्मालाई सम्मान गर्नुभयो भने भोला पासवान, उमेश श्रेष्ठ र रुपा गहतराजलाई 'राष्ट्रिय पत्रकारिता' पुरस्कार प्रदान गर्नुभयो।

# विश्व ...

खुँदीखोला पुलसम्मको सडक निर्माण भइसकेको छ। त्यस्तै सडकमा दायाँबायाँ नालीसहित १५ मिटर डबल लेन, सात मिटर सपोट बाटो, एक दशमलव पाँच मिटर साइकल ट्याक र दुई दशमलव पाँच मिटर फुटट्र्याक रहेको छ।

दोविल्ला बागमारा-तिक्लाङ्-बडहरकोट-लामगादी-चापलाङ-उपल्लो पुँडीटार-तल्लो पुँडीटार-झिगटे तगारेगौडा-तल्लो गगनगौँडा सडकअन्तर्गत पर्ने कालिकास्थान लामगादी खण्डसमेत निर्माण भइसकेको छ। विश्व बैंकको रु ७७ करोड ६८ लाख ९२ हजार ८३७ सहयोगमा सात मिटर चौडाइ, अस्फाल्ट पिच, सडकको दायाँबायाँ ड्रेनसहित दुई/दुई मिटरको फुटट्र्याक निर्माण गरिएको छ।

तालचोक बेगनास सडक निर्माण सम्पन्न हुने क्रममा रहेको महानगर प्रमुख आचार्यले बताउनुभयो। सडक हरियाली फुटपाथ, साइकल ट्र्याक र डिभाइडरसहित चार लेनको निर्माण हुँदैछ। यस खण्डमा पाँच वटा कल्भर्ट तथा पुल निर्माण भएका छन्। सडकको बीचमा एक दशमलव पाँच मिटरको डिभाइडर, दुवै छेउमा दुई दशमलव पाँच मिटर पार्किङ, दुवै छेउमा एक मिटर चौडाइको हरियाली क्षेत्र, दुवै छेउमा नालीमाथि दुई मिटर चौडाइको फुटपाथ र सडकमा चार सेमी मोटाइको अस्फाल्ट पिच हुने उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार सडक निर्माणका लागि विश्व बैंकले रु ७५ करोड ४८ लाख ६७ हजार ८७३ दशमलव ९४ सहयोग प्रदान गरेको छ। निरीक्षणका क्रममा विश्व बैंकको सहयोगमा सञ्चालित परियोजना सम्पन्न हुने चरणमा रहेका बताउँदै महानगर प्रमुख आचार्यले थप परियोजना सञ्चालनका लागि सहकार्य गर्न पोखरा महानगरपालिका इच्छुक रहेको बताउनुभयो। खुदीखोलाबाट रुपा गाउँपालिकाको सिमानासँग पुग्ने सडकको स्तरोन्नतिका लागि थप बजेटको व्यवस्थापनका लागि आवश्यक पहल गरिदिन पनि उहाँले आग्रह गर्नुभयो। विश्व बैंकका उपाध्यक्ष डेनिसले उक्त प्रस्तावप्रति आफू सकारात्मक रहेको बताउनुभयो। निरीक्षणमा नगर प्रमुख आचार्यसहित प्रमुख प्रशासकीय अधिकृत मुक्तिराम अर्याल, सम्बन्धित वडाका वडाध्यक्षहरू, परियोजनाका निर्देशक लीला खतिवडा, इन्जिनियर नवीन गौतम र विश्व बैंकको टोलीमा लारिसा लुये, अमिर अहमेद, प्याट्रिक जोयललगायतको उपस्थिति थियो।

# कांग्रेसको प्रशिक्षण प्रतिष्ठानले सातै प्रदेशमा हुने भेला गर्ने

रासस
काठमाडौं, २४ बैशाख

नेपाली कांग्रेसको अनुसन्धान तथा प्रशिक्षण प्रतिष्ठानको प्रथम बैठकले 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय भेला' गर्ने निर्णय गरेको छ।

सभापति गगनकुमार थापाको उपस्थितिमा उपसभापति एवं प्रतिष्ठानका प्रमुख विश्वप्रकाश शर्माको सभापतित्वमा बिहीबारपार्टी केन्द्रीय कार्यालय, सानेपामा बिहीबार बसेको बैठकले भेलाको मिति र स्थानसमेत तय गरेको पार्टी कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले विज्ञप्तिमार्फत जानकारी दिनुभयो। जसअनुसार यही वैशाख २६ र २७ गते सुदूरपश्चिम प्रदेशको धनगढी, वैशाख २८ र २९ मा कर्णाली प्रदेशको सुर्खेत, वैशाख ३१ र जेठ १ गते गण्डकी प्रदेशका पोखरा, जेठ ४ र ५ गते बागमती प्रदेश धुलिखेल, जेठ ६ र ७ गते मधेस प्रदेशको बर्दिवास, जेठ ८ र ९ गते कोशी प्रदेशको लौकी, सुनसरी र जेठ १४ र १५ गते लुम्बिनी प्रदेशको तिलोत्तमा, रुपन्देही भेला हुने छ। बैठकले प्रतिष्ठानका प्रमुखको प्रस्तावमा उपप्रमुखमा मधु आचार्यलाई चयन गरेको छ। प्रारम्भमा नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले प्रतिष्ठानका प्रमुखलाई शपथ गराउनुभएको थियो। सभापति थापाले नवनियुक्त सदस्यहरूलाई बधाई एवं शुभकामना दिँदै प्रतिष्ठानको वैधानिकता, काम, कर्तव्य र अधिकारका विषयमा प्रस्ट पार्नुभएको जनाइएको छ। यसैगरी, प्रतिष्ठानका प्रमुखले नवनियुक्त सदस्यहरूलाई शपथ गराउनुभएको थियो।






फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

समय बिताउन चाहनुहुन्छ भने नमरेसम्म श्रम गर्नुहोस ।

– सास लिभोसन

## सम्पादकीय

# बरिष्ठता मिचेर प्रधानन्यायाधीश सिफारिस

संवैधानिक परिषद्ले सर्वोच्च अदालतको चौथो वरियतामा रहेका डा. मनोज शर्मालाई प्रधानन्यायाधीशमा सिफारिस गरेको छ । प्रधानमन्त्री बालेन शाहको प्रस्ताव चार जना सदस्यहरूले अनुमोदन गरेका छन् भने दुई सदस्यहरूले लिखित असहमति राखेका छन् । यो निर्णयले ८५ वर्षे न्यायिक परम्परा तोड्दै वरिष्ठताक्रम मिचिएको छ हालसम्मको न्यायिक परम्परा र अभ्यास तोडेको छ । न्याय परिषद्ले सिफारिस भएका ६ जनामध्ये सबैभन्दा योग्य, अनुभव र क्षमतावान रहेको भन्ने आधारमा प्रधानमन्त्री शाहले डा. शर्माको नाम सिफारिस गरेका हुन् । संवैधानिक परिषद्का ६ सदस्यमध्ये राष्ट्रिय सभाका अध्यक्ष नारायण दाहाल र प्रमुख विपक्षी दलका नेता भीष्मराज आङदेम्बेले प्रधानमन्त्रीको प्रस्तावमा लिखित असहमति राखेका छन् । सर्वोच्च अदालतको प्रधानन्यायाधीशको सिफारिस गर्ने संबैधानिक परिषदमा देखिएको विवाद जनजनसम्म पुग्नेछ । त्यसले स्वयं प्रधानन्यायाधीश र अदालतप्रति विश्वास कम गराउँछ ।अदालत विश्वासको आधारमा चल्ने संस्था हो । जुन मूल्य र मान्यताको आधारमा चल्दै आएको हुन्छ ।

प्रधानन्यायाधीशमा सिफारिस शर्मा नेपाल ल क्याम्पसमा कानूनमा स्नातक र भारतको पुने विश्वविद्यालयमा कानूनमा स्नातकोत्तर गरेका छन । शर्माले श्रम कानूनसँग सम्बन्धित विषयमा विद्यावारिधि गरेका छन् । उनले पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीशमा नियुक्त भएर काम गरेका थिए । २०७२ सालमा नयाँ संविधान जारी भएसँगै रुपान्तरित उच्च अदालतमा अस्थायी न्यायाधीशको व्यवस्था हटाएपछि उनी अवकाश भएका थिए ।

१९९७ सालमा प्रधान न्यायालय स्थापना भएयताको ८५ वर्षे नेपाली न्यायिक इतिहासमा वरिष्ठताक्रमको रोलक्रम तोडेर प्रधानन्यायाधीश सिफारिस भएको यो दोस्रो घटना हो । २००७ सालको क्रान्तिपछि २००८ सालमा राणा न्यायाधीशहरूको रोलक्रम तोडेर हरिप्रसाद प्रधानलाई मुलुकको पहिलो प्रधानन्यायाधीश बनाइएको थियो । साउन, २०७५ मा प्रधानन्यायाधीश सिफारिस दिपकराज जोशीलाई भने कार्यक्षमतामा प्रश्न उठाएर संसदीय सुनुवाइबाट अस्वीकृत गरिएको थियो । त्यसपछि वरिष्ठता क्रममा रहेका ओमप्रकाश मिश्र प्रधानन्यायाधीश नियुक्त भएका थिए । जोशीको हकमा पनि संवैधानिक परिषद्ले होइन, संसदीय सुनुवाइ विशेष समितिले नाम अनुमोदन नगरेकाले रोलक्रम तोडिएको थियो । बालेन शाह प्रधानमन्त्री नियुक्त भएयता नै प्रधानन्यायाधीशको सिफारिसमा केही क्रमभङ्गता हुने चर्चा चलेको थियो । सुरुमा सिफारिसको छैठौं वरीयतामा रहेका तिलप्रसाद श्रेष्ठको नाम चर्चामा थियो, जसले न्यायपालिका सुधारको केही कार्ययोजनाको मस्यौदा नै तयार पारेका थिए । त्यसपछि डा. मनोज शर्मा र डा. नहकुल सुवेदीको नाम चर्चामा थियो । यदि रोलक्रम अनुसार अघि बढेको भए करिव साढे दुई वर्षका लागि सपना प्रधान मल्ल अनि त्यसपछि कुमार रेग्मी प्रधानन्यायाधीश हुने थिए । तर बिहीबारको संवैधानिक परिषद्को निर्णयले करिब साढे ८ दशकदेखि प्रधानन्यायाधीश सिफारिस गर्ने परम्परागत रोलक्रम तोडिएको छ ।

करिव ५६ वर्षको उमेरमा उनी प्रधानन्यायाधीशमा सिफारिस भएका हुन् । नेपालको संविधानमा प्रधानन्यायाधीशको कार्यकाल ६ वर्षको हुने व्यवस्था छ । तर ६५ वर्षे उमेरहदका कारण प्रायः प्रधानन्यायाधीशहरूले एक/दुई वर्ष न्यायपालिकाको नेतृत्व गरेर उमेरहदबाट अवकाश पाउथे । २०४७ सालको प्रजातन्त्र पुनर्स्थापनापछि छ वर्षको कार्यकाल पुरा गरेर ६५ वर्ष नपुगी अवकाश हुने उनी दुर्लभ प्रधानन्यायाधीश हुनेछन् । ६ वर्षे कार्यकाल पूरा गरेर प्रस्तावित प्रधानन्यायाधीश डा. शर्मा जेठ, २०८९ सम्म प्रधानन्यायाधीश रहनेछन् । संसदीय सुनुवाइबाट डा. शर्माको नाम अनुमोदन भएमा उनीपछि न्यायाधीश सपना प्रधान मल्ल र कुमार रेग्मी वरिष्ठताको रोलक्रममा रहेनछन् ।

शर्माको अवकाशपछि न्यायाधीश हरि फुयाल सर्वोच्च अदालतको वरिष्ठतम न्यायाधीश रहेर असोज, २०९२ मा अवकाशमा जानेछन् । आगामी दिनमा फेरि वरिष्ठताक्रम कायम रहेका न्यायाधीश फुयालको प्रधानन्यायाधीशको कार्यकालमा केही महिना घट्नेछ । त्यसपछि डा. नहकुल सुवेदी वरिष्ठताक्रममा आउनेछन् । आगामी दिनमा वरिष्ठताक्रम तोडिने छैन भनेर अनुमान गर्ने हो भने विहीबारको संवैधानिक परिषद्को निर्णयले न्यायाधीश सपना प्रधान मल्ल र कुमार रेग्मीलाई प्रधानन्यायाधीश हुनबाट बञ्चित गरेको छ । तर यो अभ्यास दोहोरिएमा नयाँ प्रधानन्यायाधीश नियुक्तिका बेला रोष्टरमा रहेका (सर्वोच्च अदालतमा तीन वर्ष पूरा गरेका) जो कोही न्यायाधीश प्रधानन्यायाधीशमा सिफारिस हुनसक्छन् । वरिष्ठताक्रम तोड्नुहुन्न भन्ने मान्यताका कारण न्यायपालिकामा आफू अनुकुलको नियुक्ति गर्न चाहने प्रधानमन्त्रीहरूले पनि एक दशकपछिसम्म भएपनि प्रधानन्यायाधीशको रोलक्रम अनुकुल हुनेगरी न्यायाधीश नियुक्ति गर्थे । तर तय भइसकेको रोलक्रम तलमाथि गर्दैनथे । त्यसैले विवादास्पद भएका र क्षमतामा प्रश्न उठेका व्यक्ति प्रधानन्यायाधीश भएका थिए । यो निर्णयले धेरैलाई छोएको छासरकार अदालतलाई आफ्नो नियन्त्रणमा राख्न चाहन्छ भन्ने स्पष्ट भएको छ ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : कार्यमा सफलता |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : सत्कार मिल्नेछ |
| मिथुन | : शुभ यात्रा | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : स्वास्थ्यमा सुधार | मकर | : शारीरिक झमेला |
| सिंह | : आर्थिक समस्या | कुम्भ | : मानसिक तनाब |
| कन्या | : शत्रुको भय | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# चिनियाँ सद्भावः व्यापारिक भवनमा निःशुल्क स्थान

**रासस**
मुस्ताङ, २४ बैशाख

चीनको स्वशासित क्षेत्र तिब्बतको ढोङ्पा काउण्टीले उपल्लो मुस्ताङका व्यापारीलाई कोरलास्थित व्यापारिक भवनमा निःशुल्क स्थानको व्यवस्था गर्ने भएको छ ।

उक्त काउण्टीले लोमान्थाङ र लोघेकर दामोदरकुण्ड गाउँपालिकाको समन्वयमा एक वर्षका लागि निःशुल्क सटर उपलब्ध गराउन सहमति जनाएको लोमान्थाङ गाउँपालिका अध्यक्ष टसिनर्बु गुरुङले राससलाई जानकारी दिनुभयो ।

नेपाल र चीनबीच व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले भवनका सटर एक वर्षका लागि व्यापारीलाई निःशुल्क उपलब्ध गराउन चिनियाँ पक्ष सहमत भएको तथा दोस्रो वर्षदेखि शुल्क तिर्नुपर्ने व्यवस्था भएको उहाँले बताउनुभयो । उक्त भवनमा व्यापार गर्न चाहने ४५ जनाले नाम दर्ता गराएका छन् । लोमान्थाङ-२ छोसेरका वडाध्यक्ष कर्मा नाम्याल गुरुङले सहजकर्ताको भूमिका निर्वाह गरिरहनुभएको छ । यो वर्ष ५० वटा सटर उपलब्ध हुने वडाध्यक्ष नाम्यालले बताउनुभयो ।

विसं २०८० कात्तिक २७ गतेदेखि उपल्लो मुस्ताङको दुईपालिकाका लागि औपचारिक रुपमा नाका खुल्ला गरिएको थियो । नाका खुलेपछि सीमावर्ती क्षेत्रका स्थानीयले बोर्डर पास लिएका थिए । कोरलानाकामा हाल नेपाल-चीन दशगजा क्षेत्रको नेपाली भूमिमा करिब ७० जनाले त्रिपाल टाँगेर व्यवसाय गर्दै आएका छन् ।

# घरवासको आनन्द लिन रामकोट जाने कि !

**रासस**
तनहुँ, २४ बैशाख



तनहुँ बन्दीपुर गाउँपालिका-३ स्थित रामकोट गाउँ पर्यटकका पर्खाइमा छ । बन्दीपुरको बजार क्षेत्रबाट सात किलोमिटर पश्चिममा रहेको यो गाउँ जिल्ला सदरमुकाम दमौलीदेखि १३ किलोमिटर दूरीमा अवस्थित छ । समुद्री सतहबाट करिब एक हजार १०० मिटर उचाइमा रहेको यो गाउँ मगर संस्कृतिको जीवन्त सङ्ग्रहालयजस्तै बनेको छ ।

पुरानो ढुङ्गाले छाएका घर तथा आँगन, गाउँका गल्ली तथा चोकका बाटाहरू । स्थानीयवासीले सरसफाइमा देखाएको अग्रसरताले यहाँको सौन्दर्यता अझै चुलिएको छ । जीवन्त ग्रामीण परिवेश, मौलिक रहनसन, कला सस्कृति अनुभव बटुल्न आन्तरिक तथा बाह्य पर्यटक यहाँ आउने गर्दछन् ।

मनोरम शान्त वातावरण र मौलिकता युक्त गाउँले जीवनको प्रत्यक्ष अनुभव लिन आउन चाहने जो कोहीलाई यो गाउँ पुग्नैपर्ने गन्तव्यका रुपमा विकास भइरहेको छ । मगर समुदायको बाहुल्यता रहेको यस गाउँमा कूल ९५ घरधुरी रहेकोमा ४५ घरधुरीले अहिले सामूहिक रुपमा घरवास (होमस्टे) सञ्चालन गरिरहेका छन् ।

गाउँमा आउने स्वदेशी एवं विदेशी पर्यटकलाई स्थानीले दिने गरेको आतिथ्यताले यस ठाउँप्रतिको आकर्षण बढ्दो क्रममा रहेको रामकोट सामुदायिक होमस्टेका अध्यक्ष निरकाजी आलेले बताउनुभयो । सुरुमा २०७६ सालमा १४ घरधुरीबाट घरवास कार्यक्रम सुरु गरिएकामा उक्त सङ्ख्या बढेर ४५ घरमा पुगेको उहाँले बताउनुभयो । प्रकृति र संस्कृतिको अनुपम सङ्गमजस्तै रहेको रामकोटमा मगर संस्कृतिका विविधता एक साथ अवलोकन गर्न पाइन्छ । गाउँमा आउने पर्यटकहरूलाई मगर समुदायको मौलिकता झल्काउने झ्याउरे, कौरा, चुड्काजस्ता विभिन्न सांस्कृतिक नृत्यहरू प्रस्तुत गदै मनोरञ्जन गराउने गरिएको छ ।

मगर संस्कृतिको जगेर्नासँगै स्थानीयको आयआर्जनसमेत बढाउने उद्देश्यले गाउँमा घरवास सुरु गरिएको बताउँदै उहाँले यसलाई समयसापेक्ष रुपमा थप परिमार्जन र विकास गर्दै लैजाने सोच राखिएको जानकारी दिनुभयो । गाउँमा आएका पर्यटकले यहाँको प्राकृतिक सौन्दर्यतासँगै खानपानलाई रुचाउने गरेको घरवास सञ्चालक मनमाया थापा बताउनुहुन्छ । "गाउँमा आएका पर्यटकले यहाँको प्रकृति, संस्कृतिसँगै न्यानो आतिथ्यताको प्रशंसा गरेर फर्कने गरेका छन्", उहाँले भन्नुभयो, "हामीले पर्यटकलाई यामअनुसार गाउँममा नै उत्पादन हुने तरकारी तथा स्थानीय चामल, रैथाने अन्य वस्तुहरूसँगै खसी तथा कुखुराको मासु खुवाउने गरेका छौं ।"

घरवास सञ्चालनले स्थानीवासीको जीवनशैलीमा समेत परिवर्तन आएको अर्का होमस्टे सञ्चालक बिहीसरा आलेले बताउनुभयो । घरवासले आयआर्जनसँगै स्वरोजगारी अभिवृद्धि गरिरहेको बताउँदै उहाँले यसमा स्थानीयवासीको जागरुतासमेत बढिरहेको बताउनुभयो । आफूहरूको प्रयासमा राज्यका तर्फबाट निरन्तर साथ र सहयोगको अपेक्षा गरिएको उहाँको भनाइ छ ।

गाउँपालिकाले यस वर्ष सुरुमा घरवास सञ्चालन भएका केही घरको आँगनमा ढुङ्गा बिच्छ्याउनका लागि रु आठ लाख विनियोजन भई काम अघि बढ्न लागेको उहाँले बताउनुभयो । उहाँका अनुसार पछिल्लो समयमा बन्दीपुरमा आएका पर्यटकहरू रामकोट आउने क्रम बढिरहेको छ । बन्दीपुरमा सञ्चालित भिलेज सफारीका कारणपनियहाँआउनेपर्यटकककोसङ्ख्याबढ्दैगएकोस्थानीयवासी बताउँछन् । जङ्गल सफारीमा प्रयोग गरिनेजस्तै सवारीसाधन प्रयोग गरेर बन्दीपुर र आसपासका गाउँमा पर्यटकहरूलाई पुऱ्याउने गरिएको भिलेज सफारीका सञ्चालक वसन्त पौडेलले जानकारी दिनुभयो । पर्यटकको इच्छाअनुसार उनीहरूलाई ग्रामीण परिवेशको अवलोकन गराउन गाउँगाउँमा पुऱ्याउने गरिएको उहाँको भनाइ छ । विगतमा परम्परागत कृषिमा मात्रै रुमल्लिएको स्थानीयवासीको जीवन घरवास सञ्चालनसँगै परिवर्तन भएको घरवास सञ्चालहकहरू बताउँछन् । यहाँबाट बन्दीपुरसँगै केशवटार, छाब्दी बराहीजस्ता गन्तव्यहरूमा जान सकिन्छ ।

गाउँ पर्यटनको प्रवर्द्धन र विकासको लक्ष्यका साथ नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेश र बन्दीपुर गाउँपालिकाको आयोजना एवं गाउँ पर्यटन प्रवर्द्धन मञ्च (भिटोफ) गण्डकी प्रदेशको सहआयोजनामा हालै बन्दीपुरमा गाउँ पर्यटन मार्ट २०८३ सम्पन्न गरिएको नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशका प्रमुख मणिराज लामिछानेले जानकारी दिनुभयो ।

मार्टका अवसरमा बन्दीपुर आसपासमा रहेका रामकोट, रुम्सीजस्ता गाउँमा सञ्चारकर्मी तथा पर्यटन व्यवसायीलाई सहभागी गराएर परिचयात्मक भ्रमणसमेत गराइएको उहाँले बताउनुभयो । मार्टमार्फत गाउँहरूको परिचयात्मक भ्रमणसँगै घरवासहरूहरूबीच व्यावसायिक साझेदारी बढ्ने विश्वास लिइएको उहाँले बताउनुभयो ।

मार्टका अवसरमा 'समृद्ध गाउँ, सशक्त पर्यटन'को लक्ष्य हासिल गर्ने प्रतिबद्धतासहित जारी गरिएको १० बुँदे घोषणापत्रमा गाउँ पर्यटनलाई राष्ट्रिय अर्थतन्त्रको महत्वपूर्ण आधारका रूपमा स्थापित गर्ने प्रतिबद्धतासमेत व्यक्त गरिएको छ । उक्त मार्टमा रामकोट होमस्टेसहित गण्डकी प्रदेशका ३० वटा होमस्टेहरू सहभागी भएका थिए ।

घोषणपत्रमा होमस्टेहरूमा स्वच्छता, आतिथ्य र सेवा गुणस्तर सुधार गर्न आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिने उल्लेख गर्दै स्थानीय उत्पादन, कृषि र हस्तकलालाई पर्यटनसँग जोड्दै आयआर्जनका नयाँ अवसरहरू सिर्जना गर्ने रणनीति अपनाइने भनिएको छ ।

गाउँ पर्यटनमा युवाहरूको सहभागिता बढाउन रोजगारी तथा उद्यमशीलताका अवसरहरू सिर्जना गरिने प्रतिबद्धता व्यक्त गर्दै गाउँ पर्यटन गन्तव्यहरूबीच आन्तरिक पर्यटन प्रवर्द्धन र सहकार्य विस्तार गर्दै संयुक्त 'प्याकेज' तथा कार्यक्रमहरू विकास गरिने जनाइएको छ ।

सम्भावना युक्त गाउँलाई गाउँ पर्यटनका माध्यमबाट जोड्दै अघि बढ्नु आवश्यक भएको गाउँ पर्यटन प्रवर्द्धन मञ्च(भिटोफ) गण्डकी प्रदेशका अध्यक्ष शोभा सापकोटा बताउनुहुन्छ । गण्डकी प्रदेशभित्र धेरै गाउँहरूले पर्यटकीय सम्भावना बोकेको उल्लेख गर्दै उहाँले सबैको संयुक्त प्रयासमा तिनीहरूको प्रवर्द्धन र विकास गर्नुपर्ने बताउनुभयो ।

# बर्खा लाग्यो, हिउँ पर्न छोडेन

**पोखरापत्र संवाददाता**
मुस्ताङ, २४ बैशाख

हाल मुस्ताङ भ्रमण गर्ने सबैभन्दा अनकूल याम चलिरहेको छ ।

हिउँदयामको चिसो र हिउँ पर्ने समय टरिसकेकाले यस यामलाई मुस्ताङ भ्रमणको अनुकूल याम मानिन्छ । हाल हिउँदयाम सकिएर गर्मीयाम सुरु भइसके पनि यहाँ अझै हिउँ पर्ने क्रम भने रोकिएको छैन ।

बुधबार यहाँको वारागुङ मुक्तिक्षेत्रमा आंशिक हिउँ परेको छ, जसकारण यहाँ चिसो बढेको छ । मुक्तिनाथस्थित हाई अल्टिच्युड ट्रिटमेन्ट सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी सरोज घर्तीले बुधबार मुक्तिनाथ क्षेत्रमा करिब एक घण्टाभन्दा बढी समयसम्म हिउँ परेको बताउनुभयो । हिउँ परेसँगै आसपासका नाँगा डाँडाकाँडा फेरि हिउँले सेताम्मे भएको उहाँको भनाइ छ । गर्मीयाम सुरु भइसक्दा पनि मुक्तिनाथमा बेमौसमी हिमपातले दर्शनार्थी भक्तजनलाई मुक्तिनाथ यात्रामा असजह भएको स्वास्थ्यकर्मी घर्तीले उल्लेख गर्नुभयो ।



मुक्तिनाथ क्षेत्रमा योसँगै यस वर्ष आठौं पटक हिमपात भएको हो । यसलाई स्थानीय जानकारकर्ताले जलवायु परिवर्तनको प्रभावका रूपमा विश्लेषण गरेका छन् । वसन्त ऋतुको समयमा पालुवा पलाएर मौसम पनि गुल्जार हुने समयमा मौसम प्रतिकूल बन्नु र हिउँ पर्नु यहाँका लागि राम्रो नभएको वारागुङ मुक्तिक्षेत्र–१ का वडाध्यक्ष प्रमेश गुरुङले बताउनुभयो । वारागुङमुक्तिक्षेत्र-१ अन्तर्गत खिङ्गा, झारकोट, लुप्रा र पुराङ रानीपौवालगायत गाउँमा हिउँदयामको बिदाइ र बर्खायामलाई स्वागत गर्दै 'धछ्याङ' पर्व मनाइसकिएको छ । बेमौसमी हिमपातले अन्नबाली र विशेष गरी स्याउका फूलहरू नष्ट गर्ने चिन्ता बढेको वडाध्यक्ष गुरुङले उल्लेख गर्नुभयो ।

यस वर्षको हिउँदयाममा यहाँ पटक पटक हिउँ परे पनि वैशाख महिनामा हिउँ पर्नु अनौठो भएको वारागुङ–१ का खिङ्गा गाउँका मुखिया ल्हाक्पाटसी गुरुङले उल्लेख गर्नुभयो । हिउँदयाममा परेको हिउँ कृषकका लागि फाइदाजनक भए पनि बेमौसमी हिमपातले कृषि र पर्यटन क्षेत्रलाई असर पुऱ्याउने उहाँले बताउनुभयो ।

# इजाजत नभएका बन्दुक बरामद

**पोखरापत्र संवाददाता**
म्याग्दी, २४ बैशाख

म्याग्दीको धवलागिरी गाउँपालिका-४ बगरको जङ्गलबाट इजाजत नभएका छ थान भरुवा बन्दुक बरामद भएको छ ।

इलाका प्रहरी कार्यालय दरवाङ र ताकम प्रहरी चौकीको संयुक्त टोलीले बुधबार जङ्गलमा लुकाएर राखेको अवस्थामा छ थान एक नाले भरुवा बन्दुक बरामद गरेको हो । प्रहरी निरीक्षक सागर तिमिल्सिनाले वन्यजन्तुको अवैध चोरी शिकारी र अपराध नियन्त्रणका लागि सञ्चालित 'ब्राबोसेरा' अभियानअन्तर्गत बन्दुक बरामद गरेर इलाका प्रहरी कार्यालय दरवाङमा ल्याइएको जानकारी दिनुभयो ।

विसं २०८२ मङ्सिर १५ गतेदेखि सुरु भएको 'ब्राबोसेरा' अभियानमार्फत हालसम्म १४२ थान इजाजत नभएका बन्दुक बरामद भएको उहाँले जानकारी दिनुभयो । ढोरपाटन शिकार आरक्ष, अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना र सामुदायिक वनमा वन्यजन्तुको चोरी शिकारीका साथै आपसी विवाद र झैझगडामा प्रयोग हुने जोखिम भएकाले अवैध बन्दुक बरामद गर्ने अभियान चलाएको प्रहरी नायब उपरीक्षक सूर्यबहादुर थापाले बताउनुभयो । अवैध बन्दुक बरामद गर्न सञ्चालन भएको अभियानलाई म्याग्दी प्रहरीले 'ब्राबोसेरा' नाम दिएको छ ।

स्थानीयवासीहरूको सूचना तथा सहयोगमा जङ्गल, रुखका टोड्का, खोल्सा, मासिन नबस्ने घर गोठ तथा जमिनमा गाडेको अवस्थामा बन्दुक बरामद गरिएको हो । प्रशासनबाट अनुमति लिएर व्यक्तिगत सुरक्षाको प्रयोजनका लागि हतियार राख्न पाउने व्यवस्था छ । प्रशासनबाट इजाजत नलिई हातहतियार राख्नेलाई पाँच वर्षसम्म कैद सजाय र रु ५० हजारसम्म जरिवाना हुने कानुनी व्यवस्था छ । अवैध बन्दुक बरामद गर्ने अभियान जारी राख्ने र त्यस्ता बन्दुक भएको सूचना उपलब्ध गराउन म्याग्दी प्रहरीले अनुरोध गरेको छ ।

# पोखरेलीलाई झस्काइरहने वैशाख २३ को सेती नदी

**हरिप्रसाद बाँस्तोला**
पोखरा, २४ बैशाख/रासस

स्थानीय सेती नदीमा १४ वर्षअघि अर्थात् २०६९ वैशाख २३ गत शनिबार बिहान आएको विनाशकारी बाढी सम्झेर स्थानीय जनता अहिले पनि त्रसित देखिन्छन् ।

माछापुच्छ्रे र अन्नपूर्ण हिमश्रृङ्खलाबाट खसेको हिमपहिरो र साना हिमताल फुट्दा उत्पन्न भएको विपद्लाई मार्मिक र दर्दनाक घटनाका रुपमा पोखरेली जनताले लिने गरेका छन् ।

सेती नदीमा आएको बेमौसमी बाढीको चर्तिकला र त्यसले पुऱ्याएको धनजनको क्षतिबाट प्रभावित जनतामा त्रासको अवस्था सिर्जना भएको हो । बिहानपख अचानक आएको सेती नदीको बाढीले क्षणभरमै मानव जीवनलाई तहसनहस बनाएको थियो । हिमाल र आसपासको क्षेत्रबाट झरेका विशाल तीन वटा ढुङ्गाले सेतीको खोचमा बाँध बनाएको र माथिल्लो भागबाट लगातार झरेको माटो, ढुङ्गा र गेग्रानले नदीमा अस्थायी बाँध बनायो, जसले त्यहीँ सानो तालको रुप लियो । अस्थायी प्रकृतिको तालमा पानी र माटो, बालुवा-ढुङ्गाको गेग्रान थपिदै जाँदा भार थेग्न नसकी तल्लो तटीय क्षेत्रतर्फ फुटी क्षणभरमै ५८ जनाको ज्यान गएको थियो । सेतीनदी किनारमा सामान्य जस्तै थियो । खारपानी र सार्दीखोलाका बासिन्दा आफ्नै दैनिकीमा व्यस्त थिए भने वाहिरबाट गएकाहरूमध्ये केही स्थानीय तातोपानी कुण्डमा आनन्द लिइरहेका थिए भने कतिपय नदी किनारामा वनभोजमा रमाइरहेका थिए । यसैबीच त्यहाँ कसैले पनि कल्पना समेत गरेका थिएनन केही मिनेटमै त्यही शान्त सेतीनदी मृत्युको भेल बनेर आउनेछ भनेर ।

पीडादायी सो घटनालाई जीवन्त र स्मरणीय बनाउने उद्देश्यले बाढीमा ज्यान गुमाउनेको स्मृतिमा रेडियो अन्नपूर्णद्धारा गठित राहतकोषको आर्थिक सहयोग र सार्दीखोला पोखरा सम्पर्क समाजको व्यवस्थापनमा निर्मित सेतीवाढी स्मृति पार्कमा निर्माण गरिएको स्तम्भमा उल्लेख गरिएको छ । स्तम्भमा लेखिए अनुसार कूल ५८ जनाको ज्यान



गएकामा तीन जना विदेशीसहित ३१ जना बेपत्ताको सूचीमा रहेका छन् । तीन वटा ढुङ्गा विस्तारै सँगसँगै बगेको कारण जति तल आयो त्यती बाढीले झन उग्ररुप लिएको र उक्त ढुङ्गाङ्गा मान्द्रो बेरेको चालमा विस्तारै बगेको माछापुच्छ्रे गाउँपालिका वडा नं ३ चिप्लेटी निवासी घटनाका प्रत्येक्षदर्शी रामजी भण्डारी बताउनुहुन्छ । सोही स्थानमा व्यापार व्यवसाय गर्दै आउनुभएका भण्डारीले भन्नुभयो," घर नजिक सेती नदीको किनारस्थित खरको कटेज छाउँदै गर्नुभएको अवस्थामा बुबाले चिच्याउँदै बाढी आयो सबै जना भाग भन्नासाथ भागेर ज्यान जोगाउन सकिएको हो, नत्र अहिले १४औ स्मृति दिवस सम्पन्न भइसक्थ्यो ।"

सेतीनदीको दायाँबायाँ दुवैतर्फ बितन्डा मच्चाउने तीन वटा ढुङ्गा यही नजिक चिप्लेटीमा थन्किएको देख्न सकिन्छ । "बाढी आउँदा जमिन नै भूकम्प गएजस्तो भएको थियो" भण्डारी सम्झनुहुन्छ, "वास्तवमा ५८ जनाको ज्यानखाने त तीनै ढुङ्गा वा होइन थप अनुसन्धानको बिषय बनेका छ ।" सेतीनदीभन्दा करिब २० मिटरमाथि रहेका ती तीन वटा ढुङ्गा वाढीपछि मात्र सो स्थानमा देखिएका हुन । जुन ढंङ्गा किनारामा लागेपछि सेतीनदीले पहिल्यकै सामान्य रुप लिएको उहाँ बताउँनुहुन्छ ।

"उक्त स्थानमा देखिएका ती ढंङ्गा नयाँ हुन बाढीभन्दा अघि थिएनन् बाढीसँगै आएका हुन्" उहाँले भन्नुभयो,"हामीले पुस्तौदेखि घाँस काट्ने, गाई भैँसी चराउने, मकै- कोदो रोप्ने र भट्टमास छर्ने सो ठाउँमा अहिले पनि तीन वटै ढुङ्गासँगै रहेका छन् ।" भण्डारी भन्नुहुन्छ, "सेतीबाढीका बारेमा धेरै अनुसन्धान भए, सतर्कताको यन्त्र पनि जडान गरिए तर सेतीनै थुन्ने र बाढीको प्रमुख भूमिका खेल्ने शान्त, तर इतिहास बोकेका तीनवटा ढुङ्ङ्गाको बारेमा कसैको पनि चासो र ध्यान पुगेको देखिँदैन । यदी ती ढुङ्गा उक्त स्थानमा नरोकिएको भए सेतीले थप उग्ररुप लिने र अझ बढी क्षेती पुऱ्याउने थियो ।" उक्त स्थानलाई पार्कका रुपमा विकास गर्दै बाढीमा ज्यान गुमाएकाहरुको तीनै ढुङ्गामा शालिक बनाउन सक्ने हो भने धार्मिक, सांस्कृतिक, र पुरातात्विक महत्वले आन्तरिक एवं बाह्य पर्यटन प्रवर्द्धनमा सहयोग पुग्ने माछापुच्छ्रे गाउँपालिका वडा नं. २ का वडाध्यक्षका गणेश आचार्यको भनाइ छ । उहाँले ती ढुङ्गाका बारेमा आफू जानकार नभए पनि पुरातात्विक महत्वको सो क्षेत्रको स्थलगत अध्ययन गरेर सम्भावनाका वारेमा आवश्यक पहलसहित पर्यटन प्रवर्द्धनमा अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

यसअघि बाढीग्रस्त क्षेत्रसहित तातोपानी कुण्डलाई समेटेरे पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ रु २२ लाखको गुरुयोजना निर्माण भएपनि सम्बन्धित निकायबाट बजेटको व्यवस्था हुन नसकेकोमा उहाँको दुखेसो थियो ।

माछापुच्छ्र गाउँपालिका वडा नं. १ को सादल, कपुते, भराभरीलगायतका स्थान हुँदै सेती नदी थुनिएको स्थानसम्म पुग्नका लागि झण्डै २० देखि ३० किलोमिटरको दुरीमा पार गर्नुपर्ने उहाँ बताउनुहुन्छ । सेतीको बाढीले केवल मानवजीवन मात्र होइन, संरचना पनि तहसनहस बनायो । पुल, सडक, घर, खानेपानी र बिजुलीका संरचना क्षतिग्रस्त भए । पोखरा उपत्यकासम्म यसको असर देखिएको थियो ।

प्रकृति संरक्षण कोष अन्नपूर्ण संरक्षण आयोजना (एक्याप) पोखराका प्रमुख डा रविन कडरियाकाअनुसारसेतीमाआएको वेमौसमी बाढीले जनधनको क्षतिसहित पर्यटन प्रवर्द्धनमा समेत असर परेको बताउँदै माछापुच्छ्रेको वडा नं.१ मा रहेको तातोपानी कुण्डलाई थप व्यवस्थित गर्न लागिएको छ । प्रकृतिको सुन्दरता जत्तिकै यसको शक्ति भयावह हुन सक्दछ भन्ने यथार्थ सेतीको यो बाढीले सधैँ सम्भाइरहने छ । बाढीले केवल संरचना मात्र होइन परिवारका आधारस्तम्भहरु पनि खोस्यो जसका कारण धेरैले आफन्त गुमाए भने कैयौँ बालबालिका अभिभावकविहीन हुन पुगे । सो घटनाको सम्झनमा यस क्षेत्रका स्थानीयको सहभागितामा विभिन्न कार्यक्रम हुँदै आएको छ ।

# आर्थिक गणनामा व्यावसायिक प्रतिष्ठानलाई सहभागी हुन आह्वान

**रासस**
काठमाडौं, २४ बैशाख

राष्ट्रिय तथ्याङ्क कार्यालयले सबै व्यावसायिक प्रतिष्ठानलाई आर्थिक गणनामा सहभागी हुन आह्वान गरेको छ ।

आर्थिक कारोबार हुने औपचारिक तथा अनौपचारिक क्षेत्रका व्यापार-व्यवसाय गर्ने संस्थालाई गणना प्रक्रियामा सहभागी हुन राष्ट्रिय तथ्याङ्क कार्यालयअन्तर्गत आर्थिक गणना शाखाका निर्देशक डा वेदप्रसाद ढकालले आग्रह गर्नुभयो ।

मुलुकको आर्थिक गतिविधि प्रस्तुत गर्ने र आर्थिक नीतिनिर्माणमा आधार प्रदान गर्ने उद्देश्यले यही वैशाख २ देखि असार ७ गतेसम्म गणना कार्य जारी छ । उहाँका अनुसार गणनाका क्रममा व्यावसायिक कृषि, खानी, उत्पादन, उद्योग, व्यापार, निजी व्यवसाय, बैङ्क तथा सहकारीलगायत वित्तीय संस्था, व्यापारसम्बन्धी प्रतिष्ठानलगायतको तथ्याङ्क सङ्कलन गरिएको छ ।

व्यावसायिक रूपमा दर्ता भएका करिब चार लाख ८० हजार व्यापारिक संस्था हालसम्म उक्त आर्थिक गणनामा समावेश भएका छन् । यही वैशाख २२ गतेसम्म देशभर ३२ प्रतिशत आर्थिक गणना सम्पन्न भएको निर्देशक डा ढकालले बताउनुभयो ।

विसं २०७५ मा पहिलोपटक गणना गरिएकामा यसपटक दोस्रो गणना भइरहेको छ । देशको वास्तविक आर्थिक अवस्था मापन गर्ने लक्ष्य राखिएको उक्त गणनाका लागि तीन हजार ९०६ गणक तथा ५२६ सुपरिवेक्षक खटिएका छन् । सबै प्रकारका औपचारिक तथा अनौपचारिक उद्योग, व्यापार-व्यवसाय, र सेवा क्षेत्रलाई समेट्न गणकले देशभर स्थलगत विवरण सङ्कलन गरिरहेका छन् ।

सात हजार ४५३ व्यावसायिक प्रतिष्ठानले आफ्नो विवरण आफैँ 'अनलाइन'बाट भर्ने प्रतिबद्धता जनाएका र तीमध्ये एक हजार ६१५ विवरण भरेर गणनामा सहभागिता भएका कार्यालयले जनाएको छ ।

देशको आर्थिक विकासका लागि महत्त्वपूर्ण तथ्याङ्क प्रदान गर्ने अपेक्षा गरिएको उक्त कार्यक्रममा सबै प्रदेशमा प्रमुख सचिवको अध्यक्षतामा प्रदेश आर्थिक गणना समन्वय समिति तथा जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला आर्थिक गणना समन्वय समिति गठन गरिएको छ ।

गणनालाई बढी भरपर्दो र विश्वासिलो बनाउन वडामा समेत समिति गठन गरिएको निर्देशक डा ढकालले बताउनुभयो ।


# अचल सम्पती (धितो) लिलाम बढाबढ गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

**(प्रथम पटक प्रकाशित मिति : २०८३/०१/२५ गते )**

**पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**बाट तपशिल बमोजिमको सदस्यले अचल सम्पत्ति धितो सुरक्षण राखी ऋण लिनुभएकोमा उक्त ऋण रकमको नियमित रुपमा संस्थालाई तिर्नु बुझाउनुपर्ने साँवा, व्याज, हर्जना व्याज एवम् अन्य दै-दस्तुर समय भित्र नतिरी, नबुझाई यस संस्थासँग गर्नु भएको शर्त सम्झौता उल्लङ्घन गरी बस्नुभएको र पटक-पटक मौखिक तथा लिखित जानकारी गराउँदा समेत ऋण चुक्ता गर्न कुनै चासो नदेखाई आलटाल गरी आफुले बुझाउनुपर्ने रकम नबुझाई बसेको र पटक पटक स्थानीय तथा राष्ट्रिय पत्रिका मार्फत सार्वजनिक सूचना प्रकाशित गरी सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज साथै अन्य दै-दस्तुर चुक्ता गर्न अनुरोध गर्दा समेत आजका मिति सम्म उक्त ऋण रकम चुक्ता नगरी बस्नु भएको हुँदा ऋणी सदस्य तथा धनजमानतले ऋण लिदाँ गरेको सम्झौता बमोजिम यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्पूर्ण साँवा, व्याज, हर्जना व्याज एवम् अन्य लिलामी प्रकृयामा भएका सम्पूर्ण दै-दस्तुर समेतको रकम दाखिला गर्नुहोला भनि यसै सूचना मार्फत जानकारी गरिन्छ । अन्यथा सूचना प्रकाशित भएको मितिले ३६औं दिन धितो जे, जस्तो अवस्थामा रहेको छ सोहि अवस्थामा लिलाम बिक्री गर्न लागिएको हुँदा लिलाम बढाबढ गरी लिन ईच्छुक महानुभावहरुलाई समेत जानकारीको लागि यो सूचना प्रकाशित गरीएको छ । धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गर्दा यस संस्थाबाट गरिएको मूल्याङ्कन रकम भन्दा कम मूल्यमा लिलाम बिक्री भयो वा मेरो हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई संस्थाले कम मूल्यमा लिलाम बिक्री गऱ्यो भनी कही कतै उजुर बाजुर गर्न पाउनु हुने छैन । साथै सुरक्षणमा रहेको धितो लिलाम बिक्री गर्दा पनि संस्थाको सम्पूर्ण लेना असुल उपर नभएमा सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम, संस्थाको ऋण नीति तथा प्रचलित कानुन बमोजिम ऋणी स्वयम्, व्यक्तिगत धनजमानत र धितो जमानत दिने व्यक्तिको अन्य चल अचल श्री सम्पत्तिबाट धितोले नखामेको वक्यौता ऋण रकम असुल उपर गरिने छ । उल्लेखित मितिमा बोलपत्र एवम् लिलाम बढाबढ हुन नसकेमा संस्था आफैले पनि उक्त धितो सकार गरी लिन सकिनेछ ।

**तपशिल :**

| सि.नं | ऋणी सदस्यको विवरण | धितोको विवरण | धितो तथा धन जमानत दिनेको विवरण |
|---|---|---|---|
| १ | बखत नारायण श्रेष्ठको बुहारी शंकर नारायण श्रेष्ठको श्रीमती तनहुँ जिल्ला साविक ब्यास न.पा वडा नं.-१० हाल व्यास न.पा वडा नं. ३ बस्ने बर्ष ५४ की **ऋणी : सरिता कुमारी श्रेष्ठ (ना.प्र.प.न १५२ तनहुँ)** | १.१ **सरिता कुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय दमौली तनहुँमा दर्ता श्रेस्ता कायम रहेको कलुर्ङ्ग गा.वि.स. वडा नं. ६ क कित्ता नं. १२८९ को क्षेत्रफल ०-४-०-० र फराकचौर गा.वि.स.वडा नं.९/ञ को कित्ता नं.२४६५को क्षेत्रफल ०-१-२-० जग्गा<br>१.२ **बालकुमारी श्रेष्ठ**को नाममा मालपोत कार्यालय तनहुँमा दर्ता श्रेस्ता कायम रहेको फराकचौर गा.वि.स. वडा नं. ९/ञ को कित्ता नं.२४७४ को क्षेत्रफल ०-४-१-० जग्गा | १.१ बिष्णु नारायण श्रेष्ठको बुहारी बखत नारायण श्रेष्ठको श्रीमती तनहुँ जिल्ला साविक ब्यास न.पा वडा नं.- १० हाल व्यास न.पा वडा नं. ३ बस्ने **धितो जमानत : बाल कुमारी श्रेष्ठ (ना.प्र.प.न ४८०२ तनहुँ)**<br>१.२ बिष्णु नारायण श्रेष्ठको नाती बखतनारायण श्रेष्ठको छोरा तनहुँ जिल्ला जिल्ला साविक ब्यास न.पा वडा नं.- १० हाल व्यास न.पा वडा नं. ३ बस्ने **धनजमानत : शंकरनारायण श्रेष्ठ (ना.प्र.प.न ४६९५२ तनहुँ)** |

- सूचना प्रकाशित हुने दिनसम्मको साँवा, व्याज एवम् हर्जना व्याज रु ३४,३१,३१७।-(अक्षेरेपी चौतीस लाख एकतीस हजार तीन सय सत्र रुपैपा मात्र)

नोट : माथि उल्लेखित रकममा लिलाम हुने दिनमा उक्त दिनसम्मको ऋणको व्याज, हर्जना व्याज र अन्य दै-दस्तुर जोडिनेछ ।

**लिलाम बढाबढ तथा बोलपत्र सम्बन्धि अन्य शर्त बन्देजहरु :**

१) लिलाममा अन्तिम पटक सबैभन्दा बढी रकम कवोल गर्ने वा बोलपत्रमा आफुले लेखेको वा बोलेको अंकको १० प्रतिशतले हुने रकम सोही दिन कार्यालय समयमा वा निर्णय हुँदा कार्यालय समय समाप्त भएमा सो दिनको भोलिपल्ट यस संस्थामा बुझाउनु पर्नेछ ।
२) लिलाम सकार गर्ने व्यक्तिले संस्था बाट लिलाम भएको ३५ दिनभित्र बाँकी रकम बुझाई अचल सम्पत्ति बुझि नलिएमा धरौटी बापत रहेको १० प्रतिशत रकम स्वतः जफत भई संस्थाको आम्दानी हिसावमा बाधिनेछ ।
३) लिलाम सकार गर्ने व्यक्तिले सकार गरेको मूल्यको १० प्रतिशत रकम सोहि दिन वा सो को भोलिपल्ट नबुझाएमा निज पछि सबै भन्दा बढी रकम बोल्ने व्यक्तिको नाममा लिलाम सदर गरिनेछ ।
४) तोकिएको दिन विदा परेमा सोको भोलिपल्ट लिलाम बढाबढ गर्ने काम हुनेछ ।
५) लिलाम बढाबढको अन्तिम निर्णय गर्ने अधिकार संस्थामा सुरक्षित रहनेछ ।
६) लिलाम बिक्र हुने सम्पत्तिको सम्बन्धित कागजातहरु हेर्न चाहनु हुने महानुभावहरुले यस संस्थाको कार्यालयमा सम्पर्क राख्न सक्नुहुनेछ ।
७) सूचना प्रकाशित भएको ३६औं दिन संस्थाको प्रधान कार्यालय पोखरा १० बुद्धचोक, कास्कीमा दिनको ठिक ११ बजे देखी १२ बजेसम्म लिलाम बढाबढको कार्य हुनेछ ।
८) लिलाम बिक्री गर्दा लागेको सम्पूर्ण प्रशासनिक खर्च ऋणी स्वयम्ले व्यहोर्नु पर्नेछ ।
९) सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियम तथा ऋण नीति अनुसार लिलाम बिक्री गर्नुपर्ने जायजेथा लिलाम बिक्री गर्दा कोही कसैले पनि लिलाम बढाबढमा भाग नलिएमा संस्थाले उक्त सम्पत्तिको स्वामित्व आफुमा लिन पनि सक्नेछ ।
१०) संस्थामा सुरक्षण स्वरुप रहेको धितोबाट सम्पूर्ण ऋण असुल उपर नभएमा ऋणी तथा जमानीको नाममा रहेको अन्य चलअचल सम्पत्तिबाट समेत असुल उपर गरिने छ ।
११) अन्य शर्तहरु बोलपत्र वा लिलाम बढाबढ फारममा उल्लेख गरे बमोजिम हुनेछ साथै अन्य बिषयहरुमा सहकारी ऐन, सहकारी नियमावली, संस्थाको विनियमको अधिनमा रही सञ्चालक समितिको निर्णय अनुसार हुनेछ ।

पोखरा रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटिड
Pokhara Royal Saving & Credit Co-operative Society Limited
प्रधान कार्यालयः पोखरा-१०, बुद्धचोक, कास्की


# नौ महिनामा एक हजार बढीको शल्यक्रिया

**पोखरापत्र संवाददाता**
बागलुङ, २४ बैशाख

धौलागिरि प्रादेशिक अस्पताल बागलुङमा विशेषज्ञ सेवा थपिँदै गएपछि बिरामीको चाप बढ्दै गएको छ ।

अञ्चल अस्पताललाई गण्डकी प्रदेश सरकारले स्तरवृद्धि गरी प्रादेशिक अस्पताल बनाएपछि बिरामीको सङ्ख्यासमेत बढेको हो ।

अस्पतालले चौबिसै घण्टा आकस्मिकसहित साना तथा ठूला शल्यक्रिया र विशेषज्ञ सेवालाई प्रभावकारी बनाउन थालेको छ । दुई वर्ष अगाडिसम्म सामान्य शल्यक्रियाका लागि पोखरा पुग्नुपर्ने बाध्यता रहेकामा अहिले जटिल किसिमका शल्यक्रिया गर्न पनि बिरामी यहीँ आउने गरेका छन् । गत साउनदेखि हालसम्म यस अस्पतालमा एक हजार ४३ जनाको शल्यक्रिया गरिएको अस्पतालका मेडिकल रेकर्डर नवराज पौडेलले जानकारी दिनुभयो । एकसय



जनाको हाडजोर्नीसम्बन्धी मुख्य अपरेशन, १९ जना आङ खसेका महिलाको शल्यक्रिया, १८ जनाको पित्तथैलीको शल्यक्रिया गरिएको पौडेलले बताउनुभयो । एपेन्डिक्सका ३५ बिरामी, हर्नियाका ३५ र पाँच जना हाइड्रोसिलका बिरामीको शल्यक्रिया गरेको उहाँले बताउनुभयो ।

पौडेलका अनुसार यस अवधिमा मिनिल्याप सम्बन्धी २५, भ्यासेक्टोमी दुई, १७९ जना गर्भवती, इक्टोपिकसम्बन्धी तीन जनाको शल्यक्रिया गरिएको छ । त्यस्तै, २०९ जनाको जनरल सर्जरी, हाडजोर्नीसम्बन्धी मध्यम तथा साना शल्यक्रिया १२० र ३९७ वटा विभिन्न रोगका जनरल सर्जरी गरेको उहाँले बताउनुभयो । शल्यक्रिया गरेकोमध्ये १०३ जना बिरामीको दुरबिन प्रविधिबाट शल्यक्रिया गरिएको पौडेलले बताउनुभयो ।

पछिल्लो समय अस्पतालप्रति बिरामीको विश्वास बढ्दै गएपछि चाप बढेको अस्पतालका मेडिकल सुपरिन्टेन्डेन्ट डा किरण तिवारीले बताउनुभयो ।